नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय
राष्ट्रिय साइबर सुरक्षा केन्द्र
सिंहदरबार, काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- १११ मिति :- वि.सं. २०८३/०७/११
ने.स. :- ११४६ कौलागा,२ बुधवार

विषयः वेबसाइटहरू सुरक्षित गर्नका लागि Valid SSL/TLS Certificate अनिवार्य रूपमा लागू गर्ने सम्बन्धमा।

श्री संघीय मन्त्रालय/ आयोग/ सचिवालय वा अन्तर्गत सबै ,
श्री प्रदेश मन्त्रालय वा अन्तर्गत सबै,
श्री नेपाल नगरपालिका संघ ,
श्री गाउँपालिका राष्ट्रिय महासंघ ।

प्रस्तुत विषयमा, डिजिटल सेवाहरूको सुरक्षा, गोपनियता तथा विश्वसनीयता कायम राख्न सरकारी निकायहरूका आधिकारिक वेबसाइटहरूमा सुरक्षा मापदण्ड अपनाउनु अति आवश्यक रहन्छ।हालैका दिनहरूमा साइबर सुरक्षा जोखिम बढ्दै गएको सन्दर्भमा, प्रयोगकर्ताहरूको डाटा ट्रान्सफरलाई इन्क्रिप्ट (Encrypt) गरी सुरक्षित बनाउन वेबसाइटहरूमा प्रचलित सुरक्षा मापदण्ड बमोजिम TLS 1.2 वा TLS 1.3 (Transport Layer Security) प्रोटोकल सहितको Valid SSL/TLS Certificate अनिवार्य हुनुपर्दछ। तसर्थ, सबै सम्बन्धित निकायहरूलाई निम्न व्यवस्था मिलाउनहुन आदेशानुसार अनुरोध छ ।

१. आफ्ना मातहतका सम्पूर्ण वेबसाइटहरूमा हाल प्रयोग भइरहेको SSL/TLS Certificateको वैधता (Validity) तत्काल चेकजाँच गर्नुहोस्।
२. यदि कुनै वेबसाइटमा SSL/TLS Certificate छैन वा म्याद समाप्त (Expired) भइसकेको छ भने, तत्काल आधिकारिक तथा विश्वसनीय प्रमाणपत्र जारी गर्ने निकायबाट वैध SSL/TLS Certificate वेबसाइटहरूमा जडान तथा कन्फिगरेसन गर्नुहोस्।
३. वेबसाइटहरूलाई सुरक्षित माध्यम (HTTPS) बाट मात्र सञ्चालन हुने गरी प्रणालीमा कन्फिगरेसन (Configuration) मिलाउनुका साथै हालको सुरक्षा मापदण्ड अनुसार TLS 1.2 वा TLS 1.3 प्रोटोकल मात्र प्रयोग हुने व्यवस्था मिलाउनुहोस् (पुराना र असुरक्षित भर्सनहरू जस्तैः SSL, TLS 1.0 र TLS 1.1 लाई पूर्ण रूपमा बन्द वा निष्क्रिय गर्नुहोस्)।
४. SSL/TLS प्रमाणपत्रको म्याद समाप्त हुनु अगावै नियमित रूपमा नवीकरण गर्ने व्यवस्था मिलाउनुहोस् ।
५. वेबसाइटको सुरक्षामा देखिएको लापरबाहीले साइबर आक्रमणको जोखिम निम्त्याउन सक्ने हुनाले यस विषयलाई उच्च प्राथमिकतामा राखी अन्य सुरक्षा मापदण्ड तुरुन्त कार्यान्वयन गर्न हुन समेत अनुरोध

छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Pradeep Tandan
pradeep.tandan@nepal.gov.np

(प्रदिप टण्डन)
कम्प्युटर इन्जिनियर

बोधार्थः
श्री सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय
बबरमहल, काठमाण्डौं